गाउँपालिका अध्यक्ष श्री पूर्ण वहादुर दाहाल द्धारा प्रस्तुत

# आर्थिक वर्ष २०७८।७९ को

# नीति तथा कार्यक्रम

## आरुघाट गाउँपालिका

गण्डकी प्रदेश, नेपाल

२०७८

आरुघाट गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, गाउँकार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सबै राष्ट्रसेवक कर्मचारीहरु तथा पत्रकारज्यूहरु सबैलाई गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न आयोजित नवौं गाउँसभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथम यस पावन अवसरमा म, राष्ट्र र जनताको लागि आफ्नो जीवन सर्मपण गर्नु हुने ज्ञात अज्ञात वीर शहीदहरु प्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु साथै घाईतेहरूको सिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछु । शहीदहरुका सपना र अग्रजहरुको मार्गदर्शन बमोजिम नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु।

कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ । विश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ, अरु लाखौं सङ्क्रमित छन् । यस महामारीबाट सङ्क्रमित भई नेपालभित्र र नेपालबाहिर जीवन गुमाउनुहुने तथा अन्य मित्रराष्ट्रका नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

संकटको यस घडिमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण , निदान र उपचारको कार्यमा अग्रपङ्तिमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्वुलेन्स चालक लगायत राष्ट्रसेवकको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा आ—आफ्नो तहवाट खटिनु हुने जनप्रतिनिधि, राजनितिक दल, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, निजी क्षेत्र नागरिक समाज लगायतका सवै व्यक्ति तथा संघ संस्थालाई धन्यवाद व्यक्त गर्दछु । कोभिड-१९ को महामारीको यस परिस्थितीमा स्थानीय सरकारलाई स्वास्थ्य उपकरण तथा सामाग्री, अक्सिजनका सिलिण्डर, कन्सन्ट्रेटर, मास्क, पिपिई, सावुन, सेनिटाईजर लगायतका जिन्सी सामान सहयोग गर्नुहुने संघ संस्था,व्यक्ति एवं सहयोगी मनहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

आरुघाट गाउँपालिकाको नवौं सभा मार्फत गाउँपालिकाको वार्षिक बजेट सम्बन्धी ऐतिहासिक पाँचौ नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । आरुघाट गाउँपालिकाको विकासका निम्ति नीति,योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्याउनु हुने उपाध्यक्षज्यू लगायत निर्वाचित जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, विभिन्न राजनीतिक,सामाजिक, शैक्षिक, प्रशासनिक तथा गाउँपालिका बासी दाजुभाई, दिदीबहिनीहरु सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

राज्यको पूर्न संरचना पश्चात नवगठित जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहको जिम्मेवारीमा आरुघाटबासीबाट हाम्रो गाउँपालिकाको निर्वाचित टिमलाई सुम्पिएको जिम्मेवारी बमोजिम उपलब्ध स्रोत र साधनको महत्वम उपयोग गर्दै स्थानीय तहमा रहेका केही चुनौतीहरुको सामानाका साथ ईमान्दारिता पूर्वक गरिँदै आएको ४ वर्ष पुरा भएको छ । सोहि अनुरुप हामीले गरेको सकारात्मक प्रयासहरु पालिकाबासीहरुको

अगाडि जगजायर नै छ । गाउँपालिकाको घोषित लक्ष्य तथा उद्देश्य अनुसार आरुघाट गाउँपालिकालाई समृद्ध, खुसि र सुखि गाउँपालिका तुल्याउन आगामी आर्थिक वर्षको लागि देहाय बमोजिमका क्षेत्रगत नीतिहरू प्रस्तुत गरेको छु ।

**आर्थिक बिकास**

**क) कृषि तथा पशु**

१. कोरोना महामारीको अवस्थामा उत्पादनलाई बढावा दिने एवं कृषकलाइ प्रोत्साहन गर्ने नीति लिइएको छ । यस क्रममा उत्पादनमा आधारित रहेर बेरोजगारलाई रोजगार, रोजगारलाई स्वरोजगार मुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. कृषि तथा पशुपालनलाई व्यवसाय मुलक बनाउन उच्च उत्पादन तर्फ जोड दिइनेछ ।

३. गाउँपालिकामा माटो परिक्षण गर्ने कार्यलाई निरन्तरता दिंदै माटो सुहाउँदो बाली लगाउन कृषकलाई प्रेरित गरिनेछ । साथै, प्रांगारिक खेतीलाई प्राथमिकता दिइनेछ ।

४. हावापानी र माटो अनुसारको नगदे बाली उत्पादनमा कृषकहरुलाई अभिप्रेरित गरिने छ । गाउँपालिकामा भौगोलिक उपयोगिता हेरी अधिकतम उत्पादन दिने फलफुलखेतीलाई बढावा दिइनेछ । साथै नविन किसिमका फलफूलको सभाब्यता हेरी खेती गर्ने तर्फ जोड दिइनेछ ।

५. कृषि सहकारी मार्फत कृषकहरुलाई मल तथा विउ बीजन सुपथ मूल्यमा उपलब्ध गराउन ढुवानी अनुदानको व्यवस्था गरिनेछ । कृषि सहकारी संस्थाहरुलाई व्यवस्थित र नियमन गर्दै लगिनेछ ।

६. कृषक समुहको सूचीकरण गरी कृषि तथा पशुको सेवा सुबिधाहरु कृषि सहकारी र कृषक समुह तथा संजाल मार्फत परिचालन गर्न जोड दिइनेछ । वडामा कृषक बर्गीकरण र कृषकको मागहरुलाई यकिन गर्न त्यस्ता समुहहरुको परिचालन गरिनेछ ।

७. धान, मकै, कोदो तथा आलु लगायत अन्य फलफुल उत्पादनको पकेट क्षेत्र तोकी उत्पादनको पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. कृषकहरुलाई समयानुकुल उचित किसिमको तालिमको प्रवन्ध गरिनेछ । कृषि तथा पशु प्रसार कार्यक्रम अन्तर्गत औषधि, बीउ बीजन, बिषादी, मल, परजीवी नियन्त्रणका कार्यलाई निरन्तरता दिइनेछ । साथै पशु जन्य रोग तथा किरा नियन्त्रणको लागि खोप सेवा संचालन गरिनेछ ।

९. पशु आहारा कार्यक्रमलाई जोड दिदै स्थानीय स्तरमा उच्च गुणस्तरको पोषिलो घाँस उत्पादन बढाउने तर्फ जोड दिइनेछ ।

१०. गाउँपलिकालाई दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड गरिनेछ । यसै क्रममा उच्च उत्पादनदिने पशु नश्ल सुधार कार्यक्रमलाई लागु गरिनेछ । कृषकको गोठ सुधार, भकारो सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. भैंसी, कुखुरा, भेंडा / बाख्रा, गाई, बंगुरपालन, माछा पालन कार्यक्रमलाई थप परिष्कृत बनाउंदै व्यवसायीकरण तर्फ लाग्नेलाई अनुदान कार्यक्रममा निरन्तरता दिइनेछ ।

१२. कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन किसानहरुलाई बिमा कार्यक्रममा समाहित हुनको लागि अभिमुखीकरण गरिनेछ ।

१३. कृषि क्षेत्रको लागतलाई न्यूनीकरण गर्नको लागि कृषि औजारहरुको वितरण साथै हिउँदे र बर्षे सिंचाइको व्यवस्था गरिनेछ ।

१४. नेपालमै रहेका एवं विदेशबाट फर्किएर आएका युवा उद्यमीलाइ कृषि पशुपालन व्यवसायमा संलग्न हुन चाहेमा विशेष सहयोग कार्यक्रम लागु गरिनेछ । कृषितथा पशुपालनमा बिबिधता एवं उच्च उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. कृषि तथा पशुजन्य उत्पादनलाई बजारको उपयुक्त पहुँचको लागि थप अध्ययन गरिनेछ र सो अनुरुपको व्यवस्थाको लागि सहयोग गरिनेछ । अगुवा कृषकहरुलाई नमुना व्यवसाय रहेको स्थानको भ्रमण गराई उपयुक्त ज्ञान र सिप वृद्धि बिकास तर्फ उत्प्रेरित गरिनेछ ।

१६. चरन खर्क सुधार कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

**ग) उद्यमशीलता,उद्योग तथा व्यवसाय**

१. कोरोना महामारीको अवस्थालाई मध्यनजर गर्दै स्थानीय स्तरमा उद्यमशीलता बिकासको लागि उद्यमी प्रोफाइल तयार पार्ने, उद्यमशीलताको बिकासको लागि क्षमताब्रिद्धि गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

२. स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको प्रशोधन गरी उत्पादन गर्न सकिने साना तथा घरेलु उद्योग संचालन गर्नेलाई प्रोत्साहन गर्न जोड दिइनेछ ।

३. गाउँपालिकाभित्र रहेका व्यापार, व्यवसाय, उद्योग एवं बाणिज्य फर्महरुलाई दर्ताको दायरामा ल्याई तथ्यांक अद्यावधिक गरिनेछ ।

४. उद्योग बाणिज्य संघसँगको सहकार्यमा स्थानीय व्यवसायीहरुलाई सरकारको कर प्रणालीको बारेमा आवश्यक अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ ।

**घ) पर्यटन तथा संस्कृति प्रवर्धन**

१. गाउँपालिकाले पहिचान गरेर डीपीआर समेत तयार गरेका सांस्कृतिक, पर्यटकीयस्थल एवं पदमार्गहरुको निर्माणकार्यलाई निरन्तरता दिइनेछ ।

२. गाउँपालिका भित्र रहेका ऐतिहासिक एवं पुरातात्विक किसिमका सांस्कृतिक स्थल, मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुफाहरुको लगत संकलन गरी तिनको संरक्षण तथा संवर्द्धन र प्रचार प्रसार गर्नमा बिशेष जोड दिइनेछ ।

३. ग्रामीण पर्यटनलाई प्रवर्धन गर्न गाउँपालिकामा उपयुक्त क्षेत्रहरु किटान गरी होम स्टे जस्ता कार्यक्रमको सम्भावना अध्ययन गर्दै स्थानीय समुदायबाट होमस्टे कार्यक्रम संचालनको क्षमता बिकासका कार्यलाई निरन्तरता दिइनेछ ।

४. अन्तरिक तथा वाह्य पर्यटन प्रवद्धनमा महत्वपूर्ण सम्भावना बोकेको सतिडाँडा धार्चेलेक पर्यटन पदमार्ग पूर्वाधार विकासमा जोड दिईनेछ ।

**ङ) सहकारी**

१. गाउँपालिका भित्र रहेका सहकारी संस्थाको क्षमता बिकास तालिम एवं नियमनलाई जोड दिइनेछ । संचालित सहकारी संस्थाहरुको अनुगमन तथा नियमन गरी सहकारी मूल्य,मान्यता अनुसार संचालन भए नभएको मुल्यांकन गरी उत्कृस्ट सहकारीलाई प्रोत्साहन गरिनेछ ।

२. वित्तीय सहकारी संस्थाहरुमार्फत गाउँपालिकाको विभिन्न कार्यक्रमहरु साझेदारीमा सम्पन्न गर्ने बातावरण तयार पारिनेछ ।

३. कृषि सहकारी संस्थाहरुलाई व्यवस्थित र नियमन गर्दै लगिनेछ ।

**च) भूमि ब्यवस्थापन**

१. खेतीयोग्य जमिनमा बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।

२. गाउँपालिका भित्र खेती योग्य जमीन बाँझो बस्ने समस्या बढिरहेकोले बाँझो जग्गामा खेति गर्न चाहनेलाई प्रोत्साहन रकम प्रदान गरिनेछ ।

**सामाजिक विकास**

**क) शिक्षा**

१. आरुघाट गाउँपालिकाको बिद्यालय शिक्षालाई व्यवस्थापन तथा नियमन गर्न पहल गरिनेछ ।

२. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न कम्तिमा एउटा नमुना बिद्यालय संचालन गर्न पहल गरिनेछ ।

३. गाउँपालिकाको आधारभूत बिद्यालयहरुमा हाल सम्म पनि कम्प्युटर नभएकाको संख्या यकिन गरी कम्तीमा १ कम्प्युटर, फोटोकपी तथा प्रिन्टरको व्यवस्था गरिनेछ ।

४. गाउँपालिकाको सबै बिद्यालयहरुमा इन्टरनेट सेवाको बिस्तार गर्न पहल गरिनेछ ।

५. विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन तथा गुणस्तरमा सुधारका लागि शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोग गरि बैकल्पिक रुपमा पठनपाठनको व्यवस्था गर्न शिक्षकहरुलाई आइसीटी(ICT) सम्बन्धि तालिम र प्रशिक्षणको व्यवस्था गरिनेछ ।

६. विद्यालय प्रशासन, शैक्षिक उपलब्धि सुधारका लागि प्र.अ. र वि.व्य.स अध्यक्षहरुलाई क्षमता अभिवृधि तालिमको व्यवस्था गरिनेछ । न्युन सिकाइ उपलब्धी भएका बिद्यालयहरुमा गुणस्तर सुधारको लागि आवश्यक सुधार कार्यक्रम ल्याइनेछ ।

७. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न विविध अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ । राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितालाई संचालन गरिनेछ ।

८. गाउँपालिकामा बिद्यालय अनुगमन तथा मुल्यांकन प्रणालीलाई प्रभाबकारी बनाइनेछ । विद्यालयको गुणस्तर तथा क्षमता बिकासको लागि व्यवस्थापन समितिलाई तथा शिक्षकहरुलाई नमुना बिद्यालय अवलोकन गराइनेछ ।

९. कोरोना भाइरसको महामारीको अवस्थामा बिद्यालयमा भौतिक रुपमा उपस्थित भई पठनपाठन गर्न असम्भव भएको अवस्थामा प्रत्येक बिद्यालयले आफ्नो अवस्था अनुसारको कार्ययोजना बनाई गाउँपालिकाको स्वीकृतिमा बैकल्पिक शिक्षणको व्यस्थापन गरिनेछ । बदलिँदो परस्थिति अनुसार बैकल्पिक शिक्षणको लागि शिक्षकहरुलाई तालिमको प्रबन्ध गरिनेछ ।

१०. कोरोना भाइरसको बर्तमान संक्रमण र भविश्यमा आउने सक्ने लहरहरुलाई मध्ये नजर गर्दै विद्यार्थीको शिक्षण क्रियाकलापहरुको मुल्यांकन गर्ने कार्यलाई थप परिष्कृत रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

११. निरन्तर विद्यार्थी मुल्यांकनलाई बैकल्पिक शिक्षण क्रियाकलापमा जोडेर कार्यन्वयन गर्न सान्दर्भिक हुने भएकोले सो कार्य गर्न गराउन जोड दिईनेछ ।

१२. यस शैक्षिकसत्र २०७८ को अन्त्य सम्ममा गाउँपालिकाभित्र संचालित सबै बिद्यालयमा कानुन बमोजिम जेष्ठता, योग्यता र वरिष्ठताका आधारमा प्रधानाध्यापकको ब्यबस्थापन गर्न अनिवार्य गरिनेछ ।

१३. गाउँपालिका स्तरीय बार्षिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थी र कक्षा शिक्षकलाई पुरस्कृत गरिनेछ ।

१४. बालविकास केन्द्रलाई व्यवस्थित तथा प्रभाबकारी ढंगबाट संचालन गर्न ECD सहजकर्तालाई तालिमको व्यवस्था गरिनेछ ।

१५. बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय भर्नामा समाहित गर्न बिद्यालय भर्ना अभियान तथा गाउँपालिकाले बिद्यालय बाहिर रहेका हरुको हकमा अभिभावकत्व लिनेछ र निरन्तरता दिइनेछ ।

१६. स्थानीय श्रोत शिक्षकहरुको व्यवस्थापनलाई निरन्तरता दिईनेछ । अनिवार्य रुपमा अध्यापन अनुमति पत्र प्राप्त शिक्षकको व्यवस्थापन गरिनेछ ।

१७. आवश्यकता र औचित्यताको आधारमा विद्यालयहरु गाभ्ने, तह थप्ने, तह घटाउने, कक्षा थप्ने ,घटाउने , मर्ज गर्ने कार्यलाई निरन्तर कार्यान्वयन गरिनेछ ।

१८. गाउँपालिका स्तरीय शैक्षिक क्यालेन्डरमा बैकल्पिक शिक्षण क्रियाकलापहरु को कार्यतालिका समेत राखी परिमार्जित ढंगबाट लागु गरिनेछ ।

१९. जनप्रतिनिधि, कर्मचारी, शिक्षक व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारीहरुका बालबच्चाहरुलाई सामुदायिक बिद्यालयमा पढाउन अनिवार्य गरिनेछ । अन्यथा गाउँपालिका बाट दिने सेवा / सुबिधा कटौती गरिनेछ ।

२०. बिद्यालयमा तहगत शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । साथै गाउँपालिकामा आगामी आ.व. मा कुनै १ बिद्यालयमा कक्षा १-३ मा पढ्ने बिद्यार्थीहरुलाई मात्रीभाषामा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

२१. आरुघाट गाउँपालिकाभित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरु मध्ये गाउँपालिकाभर SEE परिक्षामा उत्कृष्ट बिद्यार्थीलाई रु. ७५ हजार पुरस्कार उपलब्ध गराउने तथा अति बिपन्न र द्वन्द पिडित तर्फका ५ जना र दलित तर्फका ५ जना छात्रछात्राहरुलाई SEE मा B+ वा सो भन्दा माथि ग्रेड मा उत्तीर्ण भई प्राविधिक धार पढ्न चाहेमा एकपटकको लागि प्रति विद्यार्थी रु ५०००० का दरले छात्रवृति उपलब्ध गराइने छ ।

२२. सामुदायिक अध्ययन केन्द्रलाई नियमन, अनुगमन गरी व्यवस्थित ढंगबाट संचालन गर्न जोड दिइनेछ । साथै अनौपचारिक शिक्षा र बैकल्पिक रुपमा पठन पाठन गर्ने क्रियाकलापमा सामुदायिक अध्ययन केन्द्रलाई समेत परिचालन गरिनेछ ।

२३. गाउँपालिकामा प्र.अ. बैठक २ महिनामा १ पटक गर्ने र बर्तमान कोरोना भाइरसको संक्रमणले गर्दा प्रभावित पठनपाठन एवं मुल्यांकन प्रणाली सुधार्न गर्ने तर्फ बिद्यालयमा अध्यापन गर्ने अन्य शिक्षकहरुका रचनात्मक कार्ययोजनाहरु भएमा सो बैठकमा प्र.अ. ले पेश गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।

२४. कक्षा ६-८ को बिद्यार्थी हरुलाई दिवा खाजा व्यवस्था गरिनेछ ।

२५. भीमोदय सामुदायिक क्याम्पसमा बार्षिक २ उप - प्राध्यापक बराबरको तलव भत्ता अनुदानको व्यवस्था गरिनेछ ।

२६. सबै विद्यालयको प्र.अ. भत्ता कार्यसम्पादनको आधारमा १००% थप गरिनेछ ।

२७. कक्षा १-५ को बिद्यार्थीहरुलाई क अक्षर लेखौ पालिकाको पेन्सिलले भन्ने अभियान अन्तर्गत बार्षिक १ दर्जन कापी र सिसाकलम प्रदान गरिनेछ ।

२८. गाउँपालिकामा करार शिक्षकहरुको नियुक्ति गर्नको लागि एकमुस्ट रुपमा शिक्षकहरुको परिक्षा लिई उत्तीर्ण शिक्षकहरुको रोस्टर तयार पारिनेछ ।

**ख) स्वास्थ्य**

१. कोरोना भाईरस संक्रमण जस्तै बिभिन्न समयमा फैलिन सक्ने बिपद तथा महामारी जन्य रोग तथा समस्याको समाधानको लागी आवस्यक पर्ने औषधी, किट, औजार उपकरण खरिद तथा द्रुत प्रती कार्य टोली (RRT) लाई सकृय बनाईनेछ ।

२. आरुचनौटे प्राथमिक स्वास्थ्य केन्द्र लाई १५ शैयाको अस्पतालमा स्तरोन्नतिको लागि आवश्यक भवन मर्मत एवं जनशक्ति व्यवस्थापनमा संघ तथा प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

३. कोरोना भाईरस महामारीमा प्रत्यक्ष काम गर्ने स्वास्थ्यकर्मीहरुको मनोवल बढाउन नेपाल सरकारले व्यवस्था गरे अनुरुपको कोरोना जीवन बिमा र जोखिम भत्ताको व्यवस्था गरिने छ ।

४. सुरक्षित मातृ तथा नवशिशु कार्यक्रम प्रवर्धन एवं प्रभावकारी बनाउन स्वास्थ्य चौकीहरुमा प्रसुती केन्द्र थप गर्ने र संचालित प्रसुती केन्द्रहरुको सेवालाई गुणस्तरीय बनाउन पहल गरिने छ ।

५. गाउँपालिकाभित्र रहेका स्वास्थ्यसंस्थाहरु एवं सामुदायिक स्वास्थ्य इकाईबाट प्रदान हुने न्युनतम गुणस्तरीय सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्था सुद्रिढीकरण योजना लागु गरिनेछ ।

६. महिला स्वास्थ्य स्वयं सेविका हरुलाई गाउँपालिकाले प्रदान गर्ने प्रोत्साहन रकमलाई थप गर्दै र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कोरोना भाईरस महामारी अवधिको लागि नेपाल सरकारको नियमानुसार कोरोना जीवन बिमा कार्यक्रम संचालन गरिने छ ।

७. गर्भवती महिलालाई आफ्नो स्वास्थ्य प्रती सचेत गराउन र महिला स्वास्थ्य स्वयं सेविकालाई थप जिम्मेवार बनाउन "आमा सँग स्वयम सेविका" कार्यक्रम सञ्चालन गरिने छ ।

८. आमा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थागत प्रसुती सेवालाई प्रोत्साहन गरी " घरमा प्रसुती शुन्य गर्न" तोके बमोजिम गर्भ जाँच गर्ने महिलाहरुको लागि " गर्भवती महिला को निशुल्क प्रयोगशाला परिक्षण " र "सुत्केरी पोषण" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. नेपाल सरकारले लिएको निति अनुरुप सम्पूर्ण नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा समाहित गर्न अभिमुखीकरण गरिनेछ ।

१०. गाउँपालिकाबाट संचालित स्वास्थ्य उपचार राहत कोषलाई निरन्तरता दिइनेछ ।

११. प्रत्येक सामुदायिक बिद्यालयहरुमा बिद्यालय स्वास्थ्य कार्यक्रम लागु गरिनेछ । बिद्यालयमा स्ट्रेचर, प्राथमिक उपचार सामग्री एवं त्यस संग आवश्यक सिपको विकासको लागि कार्यक्रम गरिनेछ ।

१२. गाउँपालिकाको स्वास्थ्य संस्थाबाट वितरण हुने निःशुल्क औषधी बितरण प्रणालीलाई थप ब्यबस्थित र प्रभावकारी बनाईनेछ । मागमा आधारित रहेर औषधि वितरण गर्ने व्यवस्था गरिनेछ ।

१३. परिवार स्वास्थ्य तथा गर्भवती महिलाको खोजपड्तालमा, उपचार र ब्यबस्थापनमा सहयोगी बनेको मोवाइल स्वास्थ्य सेवालाई निरन्तरता दिईने छ ।

१४. गाउँपालिका स्तरमा सुनौलो हजार दिनको कार्यक्रमको अवाधारणा अनुसार पोषण कार्यक्रमको व्यवस्था गरिनेछ ।

१५. स्वास्थ्यकर्मीहरुको सिप र दक्षतालाई थप क्षमतावान र प्रभावकारी बनाउन सेवाकालिन तालिम तथा अवलोकनको व्यवस्था गरिनेछ ।

१६. आधारभूत तालिम लिन बाँकि महिला स्वास्थ्य स्वयं सेविका हरुको लागि तालिमको व्यवस्था र तालिम लिइसकेका महिला स्वास्थ्य स्वयं सेविका हरुको लागि पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ।

१७. प्रत्येक स्वास्थ्य संस्थामा इन्टरनेटको व्यवस्था गरी स्वास्थ्य चौकी बाट नै स्वास्थ्य सुचना प्रणालीमा सुचना भर्ने कार्य थालनी गरिनेछ । स्वास्थ्यको मासिक एवं अन्य समिक्षाबाट प्राप्त भएका सुझाव र सुधार गर्नु पर्ने पक्षहरुको कार्यान्वयन गरिनेछ । यस सँग सम्बन्धित अनुगमन कार्यलाई थप व्यवस्थित गरिनेछ ।

१८. जटिल प्रकृतिका रोग लागेका व्यक्तिको उपचारको लागि रु. ५० हजार सम्म आर्थिक सहयोग गरिनेछ ।

### ग) खानेपानी तथा सरसफाई

१. गाउँपालिका भित्र सबै घरधुरीमा स्वच्छ एवं सुविधायुक्त खानेपानीमा पहुँच पुर्याउन बिशेष जोड दिइनेछ । केन्द्र एवं प्रदेश सरकारले संचालन गरेका योजनाहरुबाट छुटेका घरधुरीमा एक घर एक धारा कार्यक्रमलाई संचालन गरिनेछ ।

२. गाउँपालिकामा समय समयमा पानीको गुणस्तर मापन गर्दै स्वच्छ खानेपानीको सुनिश्चितता गरिनेछ ।

३. जलश्रोत ऐन तथा नियमावली अनुरुप खानेपानीको श्रोतमाथि राज्यको स्वामित्व रहने हुँदा खानेपानीका मूल बिबादलाई सरोकारवालाहरुसँग समन्वय गरी स्थानीय तहमा नै निरुपण गर्ने तर्फ जोड दिइनेछ । साथै गाउँपालिकामा नै जलश्रोत संरक्षण तथा दिगो उपयोग सम्बन्धि कार्यविधि बनाई खानेपानी को मूल दर्ता गर्ने प्रबन्ध मिलाइने छ ।

### घ) यूवा तथा खेलकूद एवं युवा लक्षित कार्यक्रम

१. गाउँपालिका स्तरीय खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ । साथै वडास्तरीय खेल मैदान निर्माण कार्यलाई समेत निरन्तरता दिइनेछ ।

२. स्वदेशमा रहेका एवं विदेशबाट फर्केका युवा तथा युवतीहरुलाई ब्यवसायीमूलक सीप, क्षमता र दक्षता बृद्धि गर्ने खालका तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालनमा ल्याई स्वरोजगारको वातावरणलाई जोड दिइनेछ। युवालाई स्वरोजगार तर्फ उन्मुख गराउन अनुदानमुलक कार्यक्रम ल्याइनेछ ।

३. गाउँपालिकामा रहेको भूकम्प घर पुनर्निर्माणको लागि स्थापाना गरिएको घुम्ती कोषलाई उपयुक्त कार्यक्रम बनाई खर्च गरिनेछ ।

४. नेपाल प्रहरी, सशस्त्र प्रहरी एवं अन्य संघ संस्थाको समन्वयमा सामाजिक विकृतिमा फसेका युवायुवतीलाई त्यस्ता गतिविधिबाट टाढा राख्न विभिन्न चेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. युवा हरुलाई उद्यमशीलता बिकासमा लाग्न अभिप्रेरित गरिनेछ ।

६. गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको थालनी गरिनेछ ।

### च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

#### क) महिला तर्फ

१. महिलाहरुलाई सिपमुलक एवं व्यवसायिक तालिम प्रदान गरी व्यवसाय संचालन गर्ने तर्फ प्रेरित गरिनेछ । साथै एकल ,बिपन्न तथा दलित महिलाको जीवनस्तर सुधार्नको लागि सिप तथा आयमुलक कार्यक्रम संचालनमा विशेष जोड दिइनेछ ।

२. महिला हिंसा, घरेलु हिंसा, चेलीवेटी वेचविखन जघन्य अपराध विरुद्ध विविध सचेतना मुलक कार्यक्रम ल्याइनेछ।

३. महिला लक्षित कार्यक्रम तथा महिलाको समग्र क्षमताबिकासका कार्यक्रमहरु संचालन तथा सहजीकरण गर्ने उद्देश्यले गठन भएका वडास्तरीय तथा गाउँपालिका स्तरीय महिला संजाललाई क्रियाशील बनाइनेछ । वडामा रहेका सबै महिला समुहबाट प्रतिनिधित्व हुनेगरी वडा स्तरीय महिला संजाल गठन गर्ने व्यवस्था मिलाइनेछ ।

**ख) बालबालिका तर्फ**

१. बाल संजाल , बाल क्लबहरुको बिस्तार मार्फत बालबालिकाहरुको हक हितलाई स्थापित गराइनेछ । साथै बाल श्रम एवं शोषणलाई अन्त्य गर्ने नीति लिइनेछ ।

२. अनाथ, असहाय, बिपन्न दलित बालबालिका हरुको शिक्षा तथा स्वास्थ्यमा पहूँचको सुनिश्चितता गरिनेछ ।

३. बालवालिका समग्र विकासका गतिविधिहरु संचालन गर्न गाउँपालिका स्तरीय र वडामा वडास्तरीय बालसञ्जाल गठन गरिनेछ । शासन संचालन प्रक्रियामा बालबालिकाको पहुँचलाई अभिब्रिद्धि गरिनेछ ।

४. कोरोना भाईरस महामारी एवं अन्य विपदको अवस्थामा कसरी अगाडी भन्ने किसिमको ज्ञान र चेतनामुलक बालबालिका लक्षित कार्यक्रम जुनियर रेडक्रस, स्काउट जस्ता संस्थाको सहयोगमा संचालन गरिनेछ ।

५. स्थानीय तहमा एक बाल कोषको स्थापना गरिनेछ ।

**ग) अपांग तथा ज्येष्ठ नागरीक तर्फ**

१. अपांग तथा ज्येष्ठ नागरिकहरुको हक हित एवम् सेवा माथीको पहुँच लाई सुनिश्चितता गरिनेछ । साथै सामाजिक सुरक्षा तर्फ विशेष जोड दिइनेछ ।

२. ज्येष्ठ नागरिक तथा अपांगहरुको हितमा कार्य गर्ने संघ संस्थाहरुसँग समन्वय गर्दै कार्यक्रमहरु ल्याइनेछ ।

३. ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

४. गाउँपालिकाभित्र रहेका ज्येष्ठ नागरिक एवं पुर्व जन प्रतिनिधि अभिनन्दन / सम्मान कार्यक्रम संचालन गरिनेछ।

**घ) आदिवासी/जनजाति तर्फ**

१. आदिवासी जनजाति, अल्पसंख्यक, सिमान्तकृत समुदायको भेषभुषा, कला, साहित्य,भाषा, एवं संस्कृतिको संरक्षण र संवर्धन गर्ने तर्फ कदम चालिनेछ ।

**ङ) दलित, मुस्लिम, एवं पिछडा बर्ग**

१. दलित, मुस्लिम, एवं पिछडाबर्गको उत्थानको लागि सचेतनामुलक सीपमूलक, रोजगारमूलक तथा आयमूलक कार्यक्रम सञ्चालनमा जोड दिंदै लगिनेछ । यस कार्य संचालनको लागि संजाल गठनमा प्रोत्साहन गरिनेछ ।

२. परम्परागत सीपलाई ब्यबसाय मुलक दिशामा परिणत गर्न बिशेष पहल गरिनेछ ।

**च ) गरिवी निवारण तर्फ**

१. यस क्षेत्रका निम्न आय भई गरिवीको चपेटामा परेकाहरुको तथ्याङ्क अध्यावधिक गरी उनीहरुको आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक, सिपमूलक कार्यक्रमहरु संचालन गरिनेछ । गाउँपालिकाले संचालन गर्ने बिकास निर्माणको कार्यमा रोजगारी सृजना हुने स्थितिलाई बढावा दिइनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न प्रतिफल मुलक योजना छनौट गर्ने एवं आवश्यक क्षेत्रमा गाउँपालिकाको तर्फबाट सामग्री व्यवस्थापनको लागि बजेटको व्यवस्था गरिनेछ ।

३. सुकुम्बासी हरुलाई आर्थिक उपार्जनको लागि आबश्यक प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।

**ङ) समूह, संघ संस्था**

१. गाउँपालिका भित्र संचालन हुने गैर सरकारी संघ संस्थाको कार्यलाई एक द्वार प्रणालीबाट नियमन गरिनेछ ।

२. गैर सरकारी संस्थाहरु सँग बिकास निर्माण लगायतका कार्यहरु लागत सहभागितामा सहित संचालन गर्न पहल गरिनेछ ।

३. विभिन्न सिपमुलक, आयमुलक एवं पुनर्निर्माणका कार्यक्रमहरु संचालन गर्न गैर सरकारी संघ संस्थाहरुलाई उत्प्रेरित गरिनेछ ।

४. गाउँपालिकामा दर्ता भएका विभिन्न समूह, संघ संस्थाको क्षमता बिकास एवं नियमन प्रक्रियालाई निरन्तरता दिइनेछ ।

५. गाउँपालिकाको बिकास निर्माणमा सरिक हुनको लागि टोल बिकास संस्थाको व्यवस्था गरिनेछ ।

**पुर्वाधार विकास**

१. कोरोना महामारीको अवस्थालाई मध्ये नजर गर्दै आर्थिक स्रोतको उपलब्धतामा आउँ सक्ने संकुचनलाई ध्यानमा राखी यस बर्ष पनि नयाँ पूर्वाधारको सट्टामा पुरानो पूर्वाधार संरचनाको निर्माणलाई सम्पन्न गर्ने तर्फ ध्यान दिइनेछ ।

२. गाउँपालिकाभित्र निर्माण भएका सार्वजनिक संरचनालाई व्यक्तिगत निर्माण कार्यहरु गर्दा क्षति पुर्याउने कार्य भईरहेकोले त्यस्ता निर्माण कार्य गाउँपालिकामा अनुमति लिएर मात्र गर्नु पर्ने अन्यथा क्षति पुर्याउनेलाई दण्डित गरिनेछ ।

**क) सडक**

१. गाउँपालिकाले केन्द्र एवं प्रदेश सरकारको लागत साझेदारीमा संचालन गर्ने भनिएका गाउँपालिकास्तरिय गौरवका योजना आरुघाट भन्ज्यांग- आरुपोखरी-गैरीछाप सडक, आरुघाट भन्ज्यांग हुँदै आरुटार-आरुआर्वांग-थुमी-देउराली सडक र सोती-मान्बुबेशी-कटुन्जे-धुन्चेत-धोरत सडकको स्तरबृद्धि तथा कालोपत्रे, आरुघाट बजार कालोपत्रे कार्यलाई निरन्तरता दिइनेछ ।

२. गाउँपालिकामा सडकको ट्र्याक खोल्ने कार्य लगभग सकीएकोले आगामी आ.व. देखि नयाँ ट्र्याक निर्माणलाई निरुत्साहन गर्ने साथै कतै नयाँ ट्र्याक खोल्नु परेमा आवश्यकता र भौगोलिक एवं पर्यावरणीय उपयुक्तताको अध्ययन पश्चात कार्यपालिकाको स्वीकृतिमा मात्र खोल्न पाउने व्यवस्थालाई लागु गरिनेछ ।

३. गाउँपालिकामा रहेका सडकको स्तरोन्नति गर्दा अनिवार्य रुपमा प्राकृतिक पानी ढलो अनुसार सडक नाली निर्माण गर्ने कार्यलाई थप कडाई गर्ने एवं सो कार्यमा अवरोध गर्नेहरुलाई दण्डित गरिनेछ । साथै सडक निर्माण गर्दा पानीको श्रोत तथा बनजंगल जस्ता क्षेत्रहरुको बिशेष बचाव गर्दै वातावरणीय पक्षहरुको संरक्षणमा जोड दिएर मात्र निर्माण गरिनेछ ।

४. कुनै पनि सडक निर्माण गर्दा क्षति पुग्ने सडक, बाटो, खानेपानी, सिंचाई कुलो जस्ता सानो किसिमको संरचनालाई सोही आयोजनाबाट पुनर्निर्माण गर्नुपर्ने व्यवस्थालाई लागु गरिनेछ ।

५. गाउँपालिका भित्र संचालनमा रहेका स्तरीय सडकको बर्षातको समयमा हेरबिचार गर्न मापदण्ड बनाई सडक हेरालुको व्यवस्था गरिनेछ । प्रधानमंत्री रोजगार कार्यक्रम तर्फबाट सडक हेरालुको व्यवस्था गरिनेछ ।

६. गाउँपालिकाभित्र रहेका सडकको बर्गीकरण गर्ने एवं मापदण्ड तोक्ने कार्यलाई आगामी बर्ष पुरा गरिनेछ ।

**ख) झोलुंगे पुल/ पुलेसा/मोटरेबल पुल**

१. गाउँपालिकाको आवश्यक स्थानहरुमा झोलुंगे पुल निर्माण गर्न सम्बन्धित पक्षहरुसँग समन्वय गरी कार्यान्वयन गरिनेछ । सबै झोलुंगे पुलहरूमा पुल हेरालुको व्यवस्था गरिनेछ ।

२. आरुपोखरी क्षेत्रलाई गाउँपालिकाको सडक संजालमा निरन्तर जोड्नको निमित्त स्तुल खोलामा अस्थायी किसिमको पुल निर्माण गर्न केन्द्र तथा प्रदेश सरकारसँग आवश्यक बजेटको लागि पहल गरिनेछ ।

**ग) भवन तथा सहरी बिकास**

१. गाउँपालिका भित्रका वडा नं. ३ र ४ को वडा भवन निर्माणको लागि जग्गा व्यवस्थापन कार्यलाई अगाडी बढाई आगामी आ.व. मा आधारभूत स्वास्थ्य केन्द्र निर्माण कार्यको थालनी गरिनेछ ।

२. गाउँपालिका भित्र भवन एवम् संरचनाहरु निर्माण गर्दा बाल मैत्री, महिलामैत्री अपाङ्गमैत्री बनाउन बिशेष जोड दिइनेछ ।

३. गाउँपालिका भित्र बन्ने नयाँ भवनहरुलाई राष्ट्रिय भवन निर्माण आचार संहिता अन्तर्गत निर्माण गर्ने व्यवस्था गरिनेछ । सडकको क्षेत्र भन्दा बाहिरमात्र भवन निर्माण गर्नु पर्ने व्यवस्था गरिनेछ ।

**घ) बिद्युत तथा बैकल्पिक उर्जा**

१. गाउँपालिका भित्र सामुदायिक एवं निजी विद्युतीकरणमा रहेका समस्यालाई निराकरण गर्न केन्द्रिय प्रसारण लाइन बिस्तार गर्नमा जोड दिइनेछ ।

२. बैकल्पिक उर्जा प्रवर्धन केन्द्रको सहयोगमा ग्रामिण स्तरमा सुधारिएको चुल्हो तथा बायो ग्यासको प्रयोगलाई बिस्तार गरिनेछ ।

३. गाउँपालिका भित्र हाल सम्म पनि बिद्युत लाइन पुर्याउन नसकिएका घरधुरीलाई बैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।

**ङ) संचार**

१. गाउँपालिकाको वार्डकार्यालय, स्वास्थ्य संस्था, बिद्यालय एवं सबै टोल तथा बस्तीहरुमा इन्टरनेट सेवाको पहूँच पुर्याउन सरोकारवालाहरुको समन्वयमा पहल गरिनेछ ।

२. टेलिफोन तथा मोबाइल सेवाबाट बन्चित वडाका टोलबस्तिहरुमा सेवा सुचारु गर्ने र सेवाको गुणस्तर अभिबृद्धिका लागि सम्बन्धित निकाय संग परिणाममुखी पहल गरिने छ ।

**च) सिंचाई**

१. गाउँपालिका भित्र आवश्यकताको आधारमा साना तथा मझौला किसिमका हिउँदे तथा बर्षे सिंचाईलाई प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. बर्षातको पानीको भण्डारणलाई मद्दत गर्न उपयुक्त स्थानहरु पहिचान गरी पानी भण्डारण पोखरीहरु निर्माण तथा भएका पोखरीहरुको सुधार गर्दै लगिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन**

**क) बन, भू तथा जलाधार संरक्षण र जल उत्पन्न प्रकोप नियन्त्रण**

१. गाउँपालिकाभित्र सबै सरोकार पक्षहरुसँग समन्वय गरी सामुदायिक बन तथा राष्ट्रिय बनको संरक्षण र उपयोग गर्नमा पहल गरिनेछ ।

२. सामुदायिक बन उपभोक्ता समितिको लागत संकलन गर्ने तथा नियमन गर्ने प्रक्रियालाई अगाडी बढाइनेछ ।

३. बिकास निर्माण स्थल एवं अन्य आवश्यक स्थानमा बाढी एवं पहिरो रोकथाममा सहयोग गर्ने घाँस तथा बिरुवा लगाउनमा जोड दिइनेछ । कम्जोर भूधरातलमा संरचना निर्माण नगर्ने एवं गर्नुपरेमा आवश्यक संरक्षणको कार्यहरुका साथ निर्माण गरिनेछ ।

४. गाउँपालिका भित्रको सिमसार क्षेत्र, पानीको मुहान एवं अन्य जलाधारयुक्त क्षेत्रको संरक्षण गरिनेछ ।

५. बिकास निर्माणको कार्यहरु गर्दा पानीको स्रोत मासेर बनाउन नपाइने नीति अवलम्बन गरिनेछ । खोला नदीको बहाव क्षेत्रलाई अवरोध गरी संरचना निर्माण गर्नमा निरुत्साहन गरिनेछ ।

६. बुढीगण्डकी नदीमा आउने बाढिको जोखिम रहेको सोति बजार, आर्खेत बजार लगाएतका तल्लो तटिय क्षेत्र र पहिरोको जोखिम रहेका क्षेत्रको संरक्षण तथा जोखिम नियन्त्रणको लागी आवश्यक पहल गरिने छ ।

७. खोला एवम नदीजन्य पदार्थको उत्खनन र प्रयोग कानुन बमोजिम मात्र गरिनेछ ।

**ख) वातावरण संरक्षण तथा जलवायु परिवर्तन**

१. वातावरणीय परिवर्तनका प्रभावहरुलाई बिशेष ख्याल गर्दै यससँग अनुकलन तथा प्रभावहरुको न्यूनीकरणका उपायहरु पहिल्याई त्यसको उचित अवलम्बन गरिनेछ ।

**ग) फोहरमैला तथा ढल व्यवस्थापन**

१. खोला, नदी तथा अन्य सार्वजनिक महत्वका स्थानहरुमा जथाभावी फोहरमैला फाल्ने कार्यहरुलाई निरुत्साहित गर्दै नसड्ने फोहरमैला व्यवस्थापनको उचित स्थानको व्यवस्था गरिनेछ । साथै टोल तथा बस्तीस्तरमा फोहरमैला एवं ढल व्यवस्थापनको लागि उचित पहल गरिनेछ ।

२. गाउँपालिकामा प्लास्टिकजन्य समानको प्रयोगमा न्यूनीकरण गर्न प्रोत्साहित गरिने छ ।

३. आफ्नो टोलको बिस्तृत बिकास, पर्यावरणको संरक्षण र फोहरमैला व्यवस्थापनको कार्यलाई अगाडी बढाउन यस बर्ष सबै वडाहरुमा कार्यविधि अनुरुपको टोल बिकास संस्थाको गठन तथा परिचालन गरिनेछ ।

**घ) विपद व्यवस्थापन**

१. गाउँपालिकामा विपद तथा प्राकृतिक प्रकोपबाट सिर्जना हुन सक्ने समस्याको रोकथाम, पूर्वतयारी र प्रतिकार्यको निमित्त गाउँपालिका स्तरीय एवं वडास्तरीय विपद व्यवस्थापन समितिको क्षमता बिकास गरिनेछ।

२. गाउँपालिका एवम वडास्तरीय विपद व्यवस्थापन प्रतिकार्य योजना अनुसार आवश्यक प्रतिकार्य एवं रोकथामको कार्यहरुको तयारी सबै वडामा गरिनेछ । साथै, गाउँपालिका स्तरीय आपतकालिन केन्द्र स्थापनामा पहल गरिनेछ ।

३. गाउँपालिका स्तरमा हुन सक्ने सम्भावित विपदका बारेमा माध्यमिक बिद्यालयम स्तरीय सचेतना कार्यक्रम संचालन गरिनेछ ।

४. गाउँपालिकामा जोखिममा रहेका बस्तीहरुको पहिचान गर्दै तिनीहरुको संरक्षण र स्थानान्तरण गर्नमा पहल गरिनेछ ।

**संगठन तथा प्रशासन ,सुशासन,पारदर्शिता /सेवा प्रवाह**

१ गाउँपालिकाको सरोकार जनमुखी सरकारको अवधारणालाई साकार पार्न गाउँपालिका एवं वडा कार्यालयबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, सुलभ एवं पारदर्शी र प्रभावकारी रुपमा सेवा प्रबाह गरिनेछ ।

२ गाउँपालिका भित्र कर्मचारी प्रशासनलाइ समयानुकुल रुपमा चुस्त, सुदृढ र सक्षम तुल्याउन विद्यमान कार्यालय र शाखाहरुको कार्यबोझ र कार्य प्रकृतिलाई हेरी औचित्यताको आधारमा दरबन्दीहरु कायम गर्न संगठन तथा व्यवस्थापन ( O&M ) सर्भे गरिनेछ ।

३ O&M सर्भेको आधारमा गाउँपालिकाभित्र स्वास्थ्य, कृषि तथा पशु सेवा लगायतका क्षेत्रहरुमा सेवा प्रवाहको लागि आवश्यक प्राविधिक एवं अन्य कर्मचारीहरुको नियमानुसार व्यवस्थापन गर्दै लगिनेछ ।

४ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई बैज्ञानिक ढंगले व्यवस्थापन गर्न आवश्यक कार्य सुचि सहित प्रमुख प्रशासकीय अधिकृत एवं सबै कर्मचारीहरु बीच कार्य सम्पादन करार सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवं नतिजामुलक बनाइनेछ । साथै, कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता बिकास तालिम, पुरस्कार, र प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ । सहि ठाउमा सहि कर्मचारीको नीति अवलम्बन गरिनेछ ।

५ गाउँपालिकाको संस्थागत क्षमता बृध्दिको लागि पूर्वाधार बिकास तथा अभिलेख प्रणालीलाइ थप व्यवस्थित गर्न आवश्यक सुधार गरिनेछ । आन्तरिक राजश्व, जिन्सी व्यवस्थापनलाई कम्प्युटर प्रणाली बाट व्यवस्थित गर्ने, वडा कार्यालयमा कम्प्युटर प्रणालीबाट कार्य गर्ने, योजना लगायतको कार्यहरु कम्प्युटर प्रणालीबाट नियन्त्रण गर्न आवश्यक सफ्टवेयरहरु जडान गरिनेछ ।

६ गाउँपालिकाको डिजिटल प्रोफाइल र आवधिक योजना बनिसकेकोले सो संग सम्बन्धित भएर मध्य कालिन खर्च संरचना, आयोजना बैंक निर्माण गरी बिकास आयोजना र खर्चको तादात्म्यता मिलाइनेछ ।

७ पारदर्शिता, जवाफदेहिता एवं सुशासनलाई जोड दिंदै गाउँपालिकाबाट पारित हुने योजना, जारी हुने ऐन नियम र निर्देशिका एवं अन्य कार्यक्रमहरुको वेबसाइट, मोबाइल एप्स तथा संचार माध्यममा सार्वजनिकरण तथा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ ।

८ साथै गाउँपालिका वडा कार्यालय मार्फत सम्पन्न भएका विकास निर्माणका कार्यहरुको सामाजिक परिक्षण एवम सार्वजनिक परिक्षण गर्ने तर्फ जोड दिइनेछ । गाउँपालिका एवं वडा कार्यालयबाट संचालित हुने योजनाहरुलाई प्रतिफलमा मापन गर्ने कोशिस गरिनेछ ।

९ गाउँपालिका एवं वडा कार्यालयहरुमा हरेक बर्षको सम्पादित बडापत्रको व्यवस्था गरिनेछ ।

१० गाउँपालिकामा गुनासो सुन्ने अधिकारी एवं सुचना अधिकारी मार्फत गुनासो समाधान गर्ने एवं सरोकार वालाहरुको सूचनामा पहुँचलाई सुनिश्चित गर्दै गाउँपालिकामा सूचना अधिकारीमार्फत सूचना प्राप्त हुने व्यवस्था गरिनेछ ।

११ आगामी वर्ष देखि सामाजिक सुरक्षा एवम पंजीकरण व्यवस्थापनलाई वडा कार्यालयबाट नै व्यवस्थित गर्ने एवं अनलाइन व्यक्तिगत घटना दर्ता प्रणालीलाई वडास्तरमा लागु गरिनेछ । सामाजिक सुरक्षा भत्तालाई बैंकबाट वितरण गरिनेछ ।

१२ वित्तीय व्यवस्थापनलाई चुस्त बनाउनको लागि पहल गरिनेछ । आन्तरिक राजश्व सुद्रीढीकरण योजना तयार पारी आन्तरिक राजश्व उठाउने कार्यलाई प्रभावकारी बनाइनेछ ।

१३ विकास निर्माण कार्य संचालन गर्दा सबै योजनाको अनिबार्य रुपमा आयोजना सुचना पाटी राख्ने एवं आयोजनाको सार्वजनिक परिक्षणलाई थप प्रभावकारी बनाइनेछ ।

१४ गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणालीको बिकास गर्ने एवं बेरुजु फछ्यौंटको कार्यलाई प्रभाबकारी बनाइनेछ ।

१५ गाउँपालिकाभित्र रहेको सबै सार्वजनिक जग्गा एवं सम्पत्तिको लागत संकलन गरी त्यसको संरक्षण एवं उपयोगको आवश्यक कार्ययोजना तयार गरिनेछ ।

१६ गाउँपालिकाको न्यायिक समितिबाट हुने कार्य एवं वडामा मेलमिलाप समितिबाट हुने कार्यलाई थप व्यवस्थित बनाउन पहल गरिनेछ । साथै गाउँपालिकामा न्यायिक परामर्शको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१७ बुढीगण्डकी जलाशय युक्त बिद्युत आयोजनाको डुबान क्षेत्रमा परेकोले गाउँपालिकाको केन्द्रमा प्रशासकीय भवन, १५ शैयाको अस्पताल, भीमोदय सामुदायिक क्याम्पस, बिद्यालय, लगायत अन्य सरकारी कार्यालयको निर्माणमा कठिनाई भएकोले यस समस्याको एकीकृत रुपमा हाल गर्नको निम्ति केन्द्र सरकारसँग आवश्यक पहल गरिनेछ । साथै बुढीगण्डकी जलाशययुक्त बिद्युत आयोजनाको डुबान क्षेत्रमा वितरण गर्नुपर्ने घर गोठ लगायतको मुआब्जा शीघ्र वितरणको लागे उपयुक्त पहल गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

अन्तमा, सवै स्थानीय तहले आ-आफ्नो नीति तथा कार्यक्रम र वार्षिक बजेट अषाढ १० गते भित्र पेश गरिसक्नुपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था हुँदाहुदै पनि यस गाउँसभा अध्यक्ष्य स्वंयमनै कोभिड-१९ बाट संक्रमित भई तोकिएको मितिमा गाउँसभा सञ्चालन गर्न असमर्थ हुन गएकोमा सम्पूर्ण पक्ष सँग क्षमयाचनाका साथै यस भनाई मार्फत जानकारी गराउँछु ।

यस वार्षिक नीति र कार्यक्रम उपर यस गरिमामय सभामा विशेष महत्वका साथ बुँदागत छलफल गर्न म सभासदहरुलाई अनुरोध गर्दछु । छलफलका क्रममा प्राप्त हुने रचनात्मक र विश्लेषणात्मक सुझावहरुलाई हार्दिकतापूर्वक समावेश गरिनेछ । यहाँहरुको सक्रिय उपस्थितिमा आवश्यक छलफल, अन्तरक्रिया र वहसपछि यहाँ प्रस्तुत नीति र कार्यक्रम पारित हुनेमा म विश्वस्त छु। अतः उल्लेखित निति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण राजनैतिक दलहरु, वुद्धिजीवि, नागरिक समाज एवं सम्पूर्ण राष्टसेवक कर्मचारीहरु लगायत सरोकारवाला सवैको साथ र सहयोगको अपेक्षा गरेको छु । साथै यो नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नुहुने राजनैतिक दलहरु, विषयगत समितिहरु, गाउँसभा सदस्यहरु राष्ट्रसेवक कर्मचारीहरु, नीति तथा कार्यक्रम तयारी कार्यदलका सदस्यहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु लगायत आरुघाट गाउँपालिकावासी सम्पूर्ण जनसमुदायप्रति हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु ।

**धन्यवाद ! जय आरुघाट**

**पूर्ण बहादुर दाहाल**
**अध्यक्ष**